राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ | अंक ८८ | २०८३ असोज ३० गते शुक्रवार (16 Oct. 2026) | पृष्ठ ४ | मूल्य रु. ३।-

## दुई महिनामै भित्रियो चार खर्ब ३६ अर्ब बढी रेमिट्यान्स

दैनिक समाचारदाता

काठमाडौं २९ असोज । आर्थिक वर्ष २०८३/८४ को दुई महिनामा चार खर्ब ३६ अर्ब ३६ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ। चालु आवको भदौसम्ममा विप्रेषण (रेमिट्यान्स) आप्रवाह २३.९ प्रतिशतले वृद्धि भएको नेपाल राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक् तथा वित्तीय स्थितिमा उल्लेख छ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३३.१ प्रतिशतले बढेको थियो। राष्ट्र बैंकका अनुसार, भदौ महिनामा विप्रेषण आप्रवाह दुई खर्ब २१ अर्ब ३१ करोड रुपैयाँ भित्रिएको छ। अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह एक खर्ब ७४ अर्ब ६७ करोड रहेको थियो।

यस अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १३.५ प्रतिशतले वृद्धि भई दुई अर्ब पाँच करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह २७.६ प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) ४६९ अर्ब ४४ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ३८४ अर्ब आठ करोड रहेको थियो।

चालु आवको दुई महिनासम्ममा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ७८ हजार ३२० छन्। साथै, पुनः श्रम स्वीकृति लिनेको संख्या ५२ हजार १६३ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ९० हजार १९८ र ४५ हजार ८८४ रहेको थियो।

## मङ्सिर अन्तिम सातादेखि कमला पुल सञ्चालन हुने

दैनिक समाचारदाता

जनकपुरधाम,२९ असोज। हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिराहा जिल्लालाई जोड्ने कमला नदीको पुल मङ्सिर अन्तिम सातादेखि सञ्चालनमा ल्याउने तयारी गरिएको छ। बाढीका कारण भासिएका पुलका संरचनाको पुनर्निर्माण अन्तिम चरणमा पुगेपछि यातायात सञ्चालनको तयारी अघि बढाइएको हो।

हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका प्रमुख एवं वरिष्ठ डिभिजनल इन्जिनियर कृष्णकुमार महतोका अनुसार पुल सञ्चालनका लागि आवश्यक निर्माण कार्य तीव्र गतिमा भइरहेको छ।

धनुषा र सिराहालाई जोड्ने उक्त पुल निर्माणका लागि २०६८ सालमा पप्पु-लुम्बिनी जेभी, काठमाडौँसँग सम्झौता भएको थियो। निर्माण सम्पन्न भएपछि २०७८ सालमा पुल सञ्चालनको मिति तय गरिएको थियो। तर, २०७८ साल असार १७ गते कमला नदीमा आएको बाढीले पुलका दुईवटा पिल्लर भासिएपछि यातायात सञ्चालन हुन सकेन।

निर्माण कम्पनी र बिमा कम्पनीबीचको विवादका कारण भासिएका पिल्लरको पुनर्निर्माणमा ढिलाइ भएको थियो। अहिले निर्माण कम्पनीको सक्रियता, हुलाकी राजमार्ग निर्देशनालयको निरन्तर प्रयास तथा धनुषा र सिराहाका जनप्रतिनिधिको पहलमा पुनर्निर्माणले गति लिएको महतोले बताउनुभयो।

उहाँका अनुसार भासिएका दुई पिल्लरमध्ये एउटालाई सबलीकरण गरिएको छ भने बढी भासिएको पिल्लरको स्थानमा नयाँ दुईवटा पिल्लर निर्माण गरिएको छ। कात्तिकदेखि नै पुल सञ्चालन गर्ने तयारी भए पनि भदौमा आएको बाढीले निर्माण कार्य प्रभावित भएपछि मङ्सिर अन्तिम साताको समयसीमा तय गरिएको हो।

पुल निर्माणस्थलमा खटिएका पप्पु-लुम्बिनी जेभीका प्रतिनिधि सूर्यप्रकाश शर्माले पनि निर्माण कार्य अन्तिम चरणमा पुगेको बताउनुभयो।

कमला पुल सञ्चालनमा आउने भएपछि धनुषा र सिराहाका बासिन्दा उत्साहित भएका छन्। कमला नगरपालिकाका नगरप्रमुख विशेश्वर यादवका अनुसार पुल सञ्चालनमा आएपछि सिराहा र सप्तरीका बासिन्दालाई मधेश प्रदेशको राजधानी जनकपुरधाम आउजाउ गर्न सहज हुनेछ। त्यस्तै, धनुषाका बासिन्दालाई सप्तरीको राजविराज पुग्नसमेत सहज हुने उहाँले बताउनुभयो।

# दलित बालिकाको अधिकार सुनिश्चित गर्न फेडोको माग

### छुवाछूत, लैङ्गिक हिंसा, दाइजो र बालविवाह अन्त्य गर्न मुख्यमन्त्रीलाई मागपत्र; माग सम्बोधन गर्ने यादवको प्रतिबद्धता



दैनिक समाचारदाता

जनकपुरधाम, २९ असोज। दलित बालिकामाथि हुने जातीय विभेद, छुवाछूत, लैङ्गिक हिंसा, दाइजो प्रथा तथा बालविवाह अन्त्य गरी उनीहरूको शिक्षा, स्वास्थ्य र समान अधिकार सुनिश्चित गर्न दलित महिला संघ (फेडो), मधेश प्रदेशले प्रदेश सरकारसँग माग गरेको छ।

संघले आयोजना गरेको दलित बालिका भेलाका सहभागीहरूले मधेश प्रदेशका मुख्यमन्त्री महेशप्रसाद यादवलाई मागपत्र बुझाउँदै दलित बालबालिकाको अधिकार संरक्षण, सामाजिक न्याय र आत्मसम्मान सुनिश्चित गर्न ठोस नीति तथा कार्यक्रम कार्यान्वयन गर्न माग गरेका हुन्।

'अधिकार, समानता र आत्मसम्मानका लागि दलित बालिका भेला' मार्फत प्रस्तुत मागपत्रमा दलित बालिकालाई दया र राहतको पात्रका रूपमा नभई अधिकारसम्पन्न नागरिकका रूपमा स्थापित गर्नुपर्नेमा जोड दिइएको छ।

मागपत्रमा दलित बालबालिकाको सामाजिक, शैक्षिक तथा स्वास्थ्य अवस्था अझै कमजोर रहेको उल्लेख गर्दै उनीहरूलाई लक्षित विशेष बजेट र अधिकारमुखी कार्यक्रम सञ्चालन गर्नुपर्ने माग गरिएको छ। नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन तथा अन्य कानुनी व्यवस्था हुँदाहुँदै पनि दलित बालबालिकाले विद्यालयमा जातीय विभेद, कुपोषण र गुणस्तरीय शिक्षाबाट वञ्चित हुनुपर्नेजस्ता समस्या भोगिरहेको संघको ठहर छ। शिक्षित दलित युवासमेत बेरोजगारी र नीतिनिर्माण प्रक्रियामा उपेक्षाको सिकार भइरहेको विषय पनि मागपत्रमा उठाइएको छ।

***छुवाछूतदेखि बालविवाहसम्मका समस्या अन्त्य गर्न माग***

मागपत्रमा जातीय विभेद तथा छुवाछूत अन्त्य गर्न स्थानीय तहमा प्रभावकारी कार्यक्रम सञ्चालन, विभेद गर्नेलाई कानुनी कारबाही, पीडितलाई न्याय र क्षतिपूर्ति तथा विद्यालयमा समानता र मानवअधिकारसम्बन्धी शिक्षा प्रदान गर्न माग गरिएको छ। दलित बालबालिकालाई उच्च शिक्षामा समान अवसर उपलब्ध गराउनुका साथै विद्यालयमा सरसफाइ र पोषणयुक्त खाना सुनिश्चित गर्नुपर्नेमा पनि जोड दिइएको छ।

त्यसैगरी, दलित बालिकाको शिक्षामा पहुँच बढाउन आवश्यक सहयोग उपलब्ध गराउन, लैङ्गिक हिंसा रोकथामका लागि सुरक्षा संयन्त्र निर्माण गर्न तथा समाजमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न माग गरिएको छ। दाइजो प्रथाको नियन्त्रणका लागि दाइजो लिने र दिनेमाथि कानुनी निगरानी तथा कारबाही गर्न, दाइजो रोकथामका लागि संस्थागत पहल गर्न र बालविवाह गराउने वा त्यसलाई प्रोत्साहन गर्नेलाई कानुनी दायरामा ल्याउन माग गरिएको छ।

बालविवाहविरुद्ध जनचेतनामूलक अभियान तथा नाटक प्रदर्शन गर्न, बालिकाको संरक्षणका लागि बजेट विनियोजन गर्न र बालविवाहका कारण उत्पन्न हुने शारीरिक तथा मानसिक असरबारे अभिभावकलाई सचेत गराउनुपर्ने मागसमेत गरिएको छ।

संघले दलित बालिकाको अधिकार संरक्षणका लागि प्रदेश तथा स्थानीय सरकारलाई जिम्मेवार बनाउँदै संविधानप्रदत्त मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न आग्रह गरेको छ। दलित बालबालिकाको शिक्षा, सुरक्षा, समानता र आत्मसम्मान सुनिश्चित गर्न राहतमा केन्द्रित दृष्टिकोणको सट्टा अधिकारमुखी नीति तथा कार्यक्रम अघि बढाउनुपर्ने मागपत्रमा उल्लेख छ। 'हाम्रो माग दया र राहत होइन, अधिकार, समानता, न्याय र आत्मसम्मानका लागि हो' भन्ने नारासहित प्रस्तुत मागपत्रमा दलित बालिकाको सुरक्षित र सम्मानजनक भविष्य निर्माणका लागि प्रदेश सरकारको ठोस प्रतिबद्धता आवश्यक रहेको जनाइएको छ।

मागपत्र बुझाउन दलित महिला संघकी अध्यक्ष सरस्वती मण्डल, दलित अधिकारकर्मी सिजेन्द्र सदा, महिला अधिकारकर्मी रिंकु मण्डल, इन्सेकका प्रतिनिधि तथा दलित पत्रकार संघका प्रतिनिधिसहितको टोली मुख्यमन्त्री कार्यालय पुगेको थियो।मागपत्र बुझ्दै मुख्यमन्त्री यादवले अधिकांश माग प्रदेश सरकारले पूरा गरिसकेको दाबी गरे। छुटेका माग पनि सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले त्यसका लागि बजेटको व्यवस्थासमेत गरिएको बताए।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# बालबालिकाको भविष्यप्रति बेवास्ता

मधेश प्रदेशका २१.३ प्रतिशत बालबालिका बहुआयामिक वञ्चितीकरणको अवस्थामा रहनु सामान्य विषय होइन। शिक्षा, स्वास्थ्य, पोषण र आधारभूत सुविधाबाट बालबालिका वञ्चित हुनु प्रदेशको समग्र विकासमाथिकै गम्भीर प्रश्न हो। सम्भावना र सम्भावनाशील जनशक्तिले भरिएको मधेशमा बालबालिकाको अवस्था कमजोर रहनुले सरकारी नीति, योजना र कार्यान्वयनको प्रभावकारितामाथि पुनर्विचार गर्नुपर्ने आवश्यकता देखाएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदनअनुसार मधेशमा पाँच वर्षमुनिका २६.२ प्रतिशत बालबालिकामा पुड्कोपनको समस्या छ भने ६ देखि २३ महिनासम्मका ६०.७ प्रतिशत बालबालिकाले पर्याप्त र विविधतायुक्त आहार पाउन सकेका छैनन्। यी तथ्याङ्क बालबालिकाको वर्तमान स्वास्थ्य अवस्थाका सूचक मात्र होइनन्, भविष्यमा उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा पर्न सक्ने असरका सङ्केत पनि हुन्।

बाल्यकाल जीवनको आधार निर्माण हुने समय हो। यही समयमा पर्याप्त पोषण, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र सुरक्षित वातावरण प्राप्त गर्न नसक्दा त्यसको असर जीवनभर पर्न सक्छ। कुपोषणले बालबालिकाको शारीरिक वृद्धिसँगै सिक्ने क्षमता र अवसरमा समेत बाधा पुऱ्याउन सक्छ। आधारभूत सेवाबाट वञ्चित बालबालिकाले भविष्यमा समान अवसर प्राप्त गर्न कठिनाइ भोग्नुपर्ने सम्भावना रहन्छ। त्यसैले बालबालिकाको वर्तमान अवस्था सुधार्नु उनीहरूको भविष्य सुरक्षित गर्नु मात्र होइन, प्रदेशको सामाजिक तथा आर्थिक विकासको जग बलियो बनाउनु पनि हो।

मधेश प्रदेशमा गरिबी, अशिक्षा, असमानता र आधारभूत सेवाको अपर्याप्त पहुँच बालबालिकाको विकासमा बाधक बनेका छन्। विशेषगरी विपन्न परिवारका बालबालिका र कम शैक्षिक स्तर भएका आमाका सन्तान बढी जोखिममा रहेको प्रतिवेदनले देखाएको छ। यसले बालबालिकाको अवस्था परिवारको आर्थिक हैसियतसँग मात्र नभई शिक्षा, चेतना र सार्वजनिक सेवाको उपलब्धतासँग पनि जोडिएको स्पष्ट पार्छ। बालबालिकाको अवस्था सुधार्ने जिम्मेवारी अभिभावक वा परिवारमा मात्र सीमित हुन सक्दैन। प्रदेश सरकार, स्थानीय तह र सम्बन्धित निकायले यसलाई साझा दायित्वका रूपमा लिनुपर्छ। बजेट तथा कार्यक्रम निर्माण गर्दा बालबालिकाको पोषण, स्वास्थ्य, शिक्षा, स्वच्छ खानेपानी र सरसफाइलाई प्राथमिकतामा राख्न आवश्यक छ। विशेषगरी जोखिममा रहेका परिवारको पहिचान गरी उनीहरूलाई लक्षित सहयोग उपलब्ध गराउनुपर्छ। विद्यालय, स्वास्थ्य संस्था र समुदायबीच समन्वय बढाउँदै पोषणसम्बन्धी जनचेतना तथा अभिभावक शिक्षाका कार्यक्रम पनि प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ।

त्यस्तै, बालबालिकासम्बन्धी नीति तथा कार्यक्रम तथ्याङ्कमा आधारित हुनुपर्छ। योजना बनाउने तर प्रभावकारी कार्यान्वयन नगर्ने प्रवृत्तिले समस्याको समाधान हुँदैन। विनियोजित बजेटको सदुपयोग, कार्यक्रमको नियमित अनुगमन र उपलब्धिको मूल्याङ्कन सुनिश्चित गर्नुपर्छ। डिजिटल साक्षरतासहित शिक्षामा समान पहुँच विस्तार गर्नु पनि आजको आवश्यकता हो। मधेशको भविष्य आजका बालबालिकाको स्वास्थ्य, शिक्षा र क्षमतामा निर्भर छ। बालबालिकाको विकासलाई प्राथमिकता नदिई समृद्ध प्रदेशको सपना साकार हुन सक्दैन। त्यसैले सरकार र सरोकारवाला निकायले तथ्याङ्कमा देखिएको समस्यालाई गम्भीरतापूर्वक लिँदै तत्काल सुधारका कदम चाल्नुपर्छ। बालबालिकामा गरिने लगानी खर्च होइन, प्रदेशको उज्ज्वल भविष्यका लागि गरिएको लगानी हो।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# शक्तिराष्ट्रको स्वार्थले ओझेलमा राष्ट्रसंघ



विनोद न्यौपाने

संयुक्त राष्ट्रसंघको उपयोगिता, प्रभाव र भविष्यबारे बहस सुरु भएको छ। दोस्रो विश्वयुद्धको समाप्तिसँगै स्थापित राष्ट्रसंघ केही समय शक्तिराष्ट्रकै वरिपरि घुमिरह्यो। ठूला र शक्तिशाली राष्ट्रको दबदबामा परेका साना राष्ट्रको हितरक्षामा जन्मिएको राष्ट्रसंघ बिस्तारै ठूला र साना राष्ट्रका समस्या औपचारिक रूपमा राख्ने बहुपक्षीय फोरमका रूपमा विकसित हुँदै गयो। राष्ट्रसंघ भन्नेबित्तिकै संसारबाटै सम्मानको भावले हेरिन्थ्यो तर अहिले त्यसको सान्दर्भिकतालाई कमजोर बनाउने प्रयत्न भइरहेको छ।

अमेरिकालगायतका शक्तिराष्ट्रले आफ्नै आर्थिक सहयोगले चल्ने संस्था भनेर बेलाबेलामा राष्ट्रसंघका निर्णयप्रति असहमति जनाउँथे। साना राष्ट्रको हितमा काम गरे पनि राष्ट्रसंघबाट हामीहरूलाई अप्ठ्यारो पर्ने कुनै पनि निर्णय नहोस् भन्ने चाहना ती शक्तिराष्ट्रको हुन्थ्यो नै। यतिबेला शक्तिराष्ट्रहरू राष्ट्रसंघलाई महत्त्व दिन छाडेका छन्। उनीहरू बहुपक्षीय नभई, द्विपक्षीय सम्झौताबाट राष्ट्रिय स्वार्थ पूरा हुनेमा विश्वस्त हुन थालेका छन्। शक्तिराष्ट्रको राष्ट्रिय स्वार्थले राष्ट्रसंघ ओझेलमा परे पनि साना राष्ट्रका लागि अझै यस मञ्चको महत्त्व बाँकी नै छ। किनभने उनीहरूका सामु आजसम्म एउटै मञ्चमा उभिएर आफ्ना समस्या राख्न पाइने ठाउँ छ।

नेपालले पनि भोटेकोसी विपद्को पीडादायी कथाव्यथा पछिल्लो महासभामा राख्ने अवसर पायो। शक्तिशाली ठूला मुलुक नै राष्ट्रिय स्वार्थमा लागिरहेका बेला नेपालजस्ता साना मुलुकले आफूलगायत अन्य साना राष्ट्रको सामूहिक स्वार्थमा बोल्नुको खासै अर्थ त नहोला। तर बाहिरबाट हेर्दा बहुपक्षीय संस्थाबाट न्याय हुन्छ भन्ने झिनो आशा नेपालजस्ता राष्ट्रमा अझै जीवितै छ।

निश्चित नियम र कानुनको घेरामा बस्ने विधानसहित बहुपक्षीय हितकै लागि राष्ट्रसंघ स्थापना गरिएको हो। ठूला राष्ट्रको दबदबाले ग्रसित साना मुलुकको हित प्रवर्धन उतिबेलाको प्रमुख उद्देश्य थियो। अहिले विश्वकै राजनीतिक, आर्थिक, सामाजिक र रणनीतिक परिस्थिति फेरिएको छ। नियम कानुनको परिधिभित्र बाँधिनुभन्दा पनि स्वार्थ प्रबल भएर आएको छ। त्यसैले त राष्ट्रसंघजस्ता सामूहिक हित हेर्ने बहुपक्षीय संस्थाको सान्दर्भिकता घट्दै जान थालेको हो।

राष्ट्रसंघको ७९औं महासभामा संसारका शक्तिशाली राष्ट्रका कार्यकारी प्रमुखहरू अमेरिका पुगेर पनि महासभामा उपस्थित भएनन्। ती राष्ट्रको प्रतिनिधित्व नभएको भने होइन। बहुपक्षीय फोरमबाट संसारलाई आर्थिक विकास, सामूहिक एकता र भाइचाराको सन्देश दिनुपर्ने शक्तिशाली पात्रहरूको महासभामा अनुपस्थितिलाई राष्ट्रसंघलाई महत्त्व नदिइएको अर्थमा लिइएको छ। यसले राष्ट्रसंघको उपयोगितामाथि प्रश्न उठाएको छ। त्यसो त स्थापनाकालमै ठूला राष्ट्रलाई 'निषेधाधिकार' (ख्भतय एयधभच) दिइएको थियो। यद्यपि, सबै मुलुकलाई थोरैबहुत आर्थिक भार भए पनि ठूला राष्ट्रको अधिक आर्थिक स्रोतबाट राष्ट्रसंघ चल्दै आएको छ।

राष्ट्रसंघ स्थापनासँगै उपनिवेशवाद अन्त्य भई साना राष्ट्रको पनि आत्मनिर्णयको अधिकार सुनिश्चित भयो। आर्थिक समानता, विकास र सामाजिक न्यायका पक्षमा आवाज बुलन्द भए। एसिया र अफ्रिकाका नयाँ राष्ट्र पनि राष्ट्रसंघका सदस्य बने। को शक्तिशाली, को कमजोर भन्ने भएन। एउटा राष्ट्र र राष्ट्र राष्ट्रबीचका समस्या निरूपण गर्ने सामूहिक थलो भएकैले राष्ट्रसंघ शक्तिशाली बनेको थियो। यसको उपयोगितालाई असान्दर्भिक बनाइयो भने साना राष्ट्रको आत्मसम्मानमा ठेस मात्रै पुग्दैन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा चुनौती पनि थपिनेछन्। सामूहिक भावनाको विकास, सामूहिक सुरक्षा नीति र सामूहिक कार्ययोजनासहित अघि बढ्दा मात्रै विश्वको कल्याण हुने हो।

शक्तिशाली राष्ट्रले अङ्गालेको द्विपक्षीय र बहुपक्षीय हित प्रवर्धनबाट राष्ट्रिय स्वार्थ त पूरा होला तर त्यसले पार्ने दीर्घकालीन असरबारे पनि सँगसँगै बहस प्रारम्भ गर्नुपर्छ। राष्ट्रसंघले शक्तिशालीको लाभ मात्र होइन साना र विकासोन्मुख राष्ट्रको सम्मानमा पनि उभिनुपर्छ। त्यसकारण पनि राष्ट्रसंघको महत्त्व घटाउने होइन बढाउनुपर्छ।

विश्व परिस्थिति पहिलेको अवस्थामा छैन। रुस, चीन, भारत आर्थिकरूपमा शक्तिशाली भएका छन्। एसिया विश्व अर्थतन्त्रको मूल केन्द्र नै बनिसकेको छ। संसार विकसित हुनु राम्रो हो तर अप्ठ्यारोमा खोलिएको राष्ट्रसंघलाई सजिलो भएपछि अप्ठ्यारोमा पार्ने काम गर्नु राम्रो होइन।

भोलि फेरि यसको सान्दर्भिकता बढ्न पनि सक्छ। युद्धबाट पिल्सिएको संसारलाई यसबाट सधैंका लागि मुक्ति दिलाउन जन्मिएको संस्थाको महत्त्व क्षणिक लाभ र हानिसँगै घटाउनु हुँदैन। विशेषगरी अमेरिका, चीन, रुस र भारतजस्ता मुलुकले राष्ट्रसंघजस्तो बहुपक्षीय संस्थाको साख घटाउन होइन बढाउन भूमिका निर्वाह गर्नुपर्छ। आगामी महासभाहरूमा पनि यस्तै अवस्थाले निरन्तरता पायो भने साना राष्ट्रको भावनामाथि चोटमात्रै पुग्दैन राष्ट्रसंघप्रतिको सम्मान पनि घट्नेछ।

### *क्षेत्रीय सङ्गठनको बढ्दो साख*

सार्कमा भारतको चासो घट्न थालेपछि त्यो संस्थाको भूमिका समाप्तप्रायः जस्तै भएको छ। बिमस्टेकमार्फत भारतले आफ्नो उपयोगिता सिद्ध गर्न थालेपछि सार्क यतिबेला असान्दर्भिक जस्तै भएको छ। उता ब्रिक्स ( द्यच्क्स्क्ष्क) खुल्यो। ब्रिक्समा संसारकै उदाउँदा शक्ति र विकासशील राष्ट्र सदस्य छन्।

उसले संसारको अर्थतन्त्र, व्यापार, ऊर्जा, विकास र प्रविधिमा दक्षिण विश्वको प्रभुत्वलाई प्रतिनिधित्व गर्ने दाबी गर्छ। चार राष्ट्रबाट खुलेको ब्रिक्समा अहिले १३ राष्ट्र सदस्य भइसकेका छन्। यसले न क्षेत्रीयताको वकालत गर्छ न त निश्चित विचारधाराको नै। भारत, चीन, दक्षिण अफ्रिका, ब्राजिल र साउदी अरेबियालगायत ब्रिक्समा सदस्य छन् । लोकतान्त्रिक भारत, एकलकाटेजस्तो देखिने कम्युनिस्ट शासन भएको चीन, धार्मिक अधिराज्य साउदी अरब, दक्षिणपन्थी ब्राजिल र बहुजातीय, बहुदलीय गणतन्त्रात्मक मुलुक दक्षिण अफ्रिका पनि एउटै समूहमा छन्। यी राष्ट्र ब्रिक्समार्फत आआफ्नो राष्ट्रिय स्वार्थका लागि जोडिएका हुन्, निश्चित सैद्धान्तिक आधारमा होइन।

युरोपको प्रतिनिधित्व युरोपेली संघले गर्छ। अफ्रिकामा अफ्रिकी संघ, दक्षिणपूर्वी एसियामा आसियान (ब्क्भ्ब्ल), पश्चिम एसियामा खाडी सहयोग परिषद् (न्क्ष्ऋ) र युरेसियामा साङ्घाई सहयोग सङ्गठन (क्ऋइ) क्रियाशील छन्। यसरी क्षेत्रीय र समूहगत छाता सङ्गठन खुल्नुको अर्थ राष्ट्रसंघको ओतबाट मात्र राष्ट्रिय स्वार्थ पूरा गर्न सकिन्न भन्ने निष्कर्ष हो। यो दोस्रो युद्धपछि सामूहिक हितमा खोलिएको बहुपक्षीय राष्ट्रसंघको औचित्यमाथि प्रश्नचिह्न लगाइएको सङ्केत पनि हो।

हाम्रा छिमेकी भारत र चीन ब्रिक्समा सँगै छन्। एसियामै पनि व्यापारिक दृष्टिकोणबाट यी दुवैको स्वार्थ मिलिरहेको छ। विश्व उत्पादन र व्यापारको ठूलो हिस्सा एसियामा केन्द्रित भएकाले पनि यी क्षेत्रका प्रभावशाली मुलुकबीचको निकटतालाई स्वाभाविक मान्नुपर्छ। यसबाट स्पष्ट हुन्छ – शक्तिशाली राष्ट्र पनि राष्ट्रिय स्वार्थ केमा छ भन्ने विषयबाट निर्देशित भएका छन्। पहिले पहिले भित्र जे भए पनि आवरणमा यस्तो देखाइँदैनथ्यो। बहुपक्षीय हितमा खुलेका संस्थाप्रति बिस्तारै मोहभङ्ग भएको सङ्केत राष्ट्रिय स्वार्थमा केन्द्रित संस्था खुलाइएपछि स्पष्ट भएकै हो।

### *शक्तिराष्ट्रको पनि आफ्नै स्वार्थ*

न्यु योर्कमा महासभा चलिरहँदा अमेरिकी र चिनियाँ राष्ट्रपतिबीच उच्चस्तरीय भेटवार्ता भयो। चिनियाँ राष्ट्रपतिलाई स्वागत गर्न अमेरिकी राष्ट्रपति विमानस्थलमै पुगे। दुई राष्ट्रपतिबीच द्विपक्षीय हितका बारेमा कुराकानी भएको सार्वजनिक भयो। तर चिनियाँ राष्ट्रपति महासभामा उपस्थित भएनन्। भारत, चीन र रुसका सरकार तथा राष्ट्रप्रमुख महासभामा नजानीकन बाहिरै वार्ता गर्नुको उद्देश्य बहुपक्षीय सङ्गठनको मूल्य सकिएको अर्थमा लिइएको छ। अमेरिकी राष्ट्रपतिको महासभामा सम्बोधन इरान तथा गाजा द्वन्द्वका विषयमा केन्द्रित भए पनि राष्ट्रिय स्वार्थमा प्रेरित थियो।

उता राष्ट्रसंघीय महासभा चलिरहँदा इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र संयुक्त अरब इमिरेट्स (गब्भ) का राष्ट्राध्यक्ष शेख मोहम्मद बिन जायद अल नाह्यानबीच आबुधाबीमा गोप्य भेटवार्ता भयो। सन् २०२६ सेप्टेम्बरको अन्तिम साता भएको यस भेटलाई गोप्य राखिए पनि दुवै देशले भेटबारे पुष्टि गरेका छन्। भेटमा द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउने, इरान र यमनका हुथी विद्रोहीबाट सिर्जित क्षेत्रीय सुरक्षा चुनौतीका बारेमा छलफल भएको जनाइएको छ। नेतान्याहुले युएईका राष्ट्रपतिलाई इरानको आणविक कार्यक्रम र क्षेत्रीय सुरक्षा खतरासम्बन्धी नयाँ गुप्तचर सूचना जानकारी गराएको पुष्टि पनि गरेका थिए।

ठूला र शक्तिराष्ट्र एकापसमा द्विपक्षीय हितसहित राष्ट्रिय स्वार्थमा केन्द्रित हुन थालेपछि साना राष्ट्रको हित र संसारकै सुरक्षा चुनौती नपत्याउने गरी बढ्नेछ। सामूहिक स्वार्थको बाटो छोडेर राष्ट्रिय स्वार्थमा द्विपक्षीय हित हेर्न थालिएपछि सुरक्षा चुनौती बढ्नु स्वाभाविक हो। राष्ट्रसंघजस्ता बहुपक्षीय संस्थाले मानवजगत्को हित, सामूहिक सुरक्षा, भावना र विकासलाई प्राथमिकता दिन्थे। आज मानव अधिकारको भाषण गर्ने ठूला र प्रजातान्त्रिक मुलुक पनि साँघुरो घेरामा सीमित हुन खोज्नु शुभसङ्केत होइन।

राष्ट्रसंघ सामूहिक भावना पोख्ने साझा थलो भए पनि साना राष्ट्रको आर्थिक विकासमा उसको खासै ठूलो भूमिका थिएन। विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैंकजस्ता आर्थिक संस्था बहुपक्षीय हितमै केन्द्रित थिए। अहिले ती सबै संस्था शक्तिशालीकै काबुमा छन्। राष्ट्रसंघजस्ता संस्थालाई शक्तिराष्ट्रले कमजोर बनाउने अवस्था उत्पन्न भएपछि आर्थिक संस्थाहरूबाट साना राष्ट्रलाई अब अन्याय नभए पनि न्याय नहुन सक्छ। विश्व बैंक अमेरिकाको, अन्तर्राष्ट्रिय मुद्रा कोष युरोपको र एसियाली विकास बैंक जापानको अनुकूलमा चलिरहेका छन्। शक्तिराष्ट्रले द्विपक्षीय हितलाई राष्ट्रिय स्वार्थमा हेर्न थालेपछि विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैंक पनि उनीहरूको स्वार्थप्रेरित लगानीमा केन्द्रित हुने नै भए। यो नेपालजस्ता साना राष्ट्रका लागि शुभसङ्केत होइन।

### *नेपालको बाटो*

सानो राष्ट्र भए पनि नेपाल राष्ट्रसंघले विशेष महत्त्व दिने मुलुक हो। राष्ट्रसंघले सबैभन्दा बढी शान्तिसेना नेपालबाटै लैजान्छ। नेपाल देश सानो भए पनि अन्तर्राष्ट्रिय शान्तिसेनामार्फत विश्वमा ठूलो प्रभाव जमाएको छ। विश्व शान्ति स्थापनामा सेनाबाट अर्जित शक्तिले विकास गरेको कूटनीतिकै कारण नेपाललाई आज विश्वले चिनेको छ। नेपाली सेनाले विश्वशान्तिमा खेलेको भूमिका, उसको व्यावसायिक निष्ठा र मानव अधिकारप्रतिको उच्च सम्मानकै कारण राष्ट्रसंघले नेपाललाई विशेष महत्त्व दिएको हो।

राष्ट्रसंघीय शान्तिसेनामार्फत संसारकै विश्वास जितेको सेनाले राष्ट्र अस्थिर हुँदा पनि देशको कूटनीतिलाई स्थिर राख्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आयो। जेन-जी विद्रोहमा समेत बहुपक्षीय बहस चलाएर विद्रोह व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। नेपालले आफ्नो आदर्शअनुरूप बहुपक्षीय बाटो रोज्नुपर्ने पाठ भने नेपाली सेनाले राष्ट्रसंघबाटै सिकेको हो।

संसारकै छाता सङ्गठन मानिने राष्ट्रसंघजस्तो बहुपक्षीय संस्था कमजोर हुने र त्यस्ता संस्थाप्रति शक्तिशाली राष्ट्रको मोहभङ्ग हुन थाल्यो भने नेपालजस्ता मुलुक अप्ठ्यारोमा पर्छन्। बहुपक्षीय संस्थाको हित हेर्दाहेर्दै पनि अब राष्ट्रिय स्वार्थका लागि नयाँ नीति अख्तियार गर्नुपर्ने दायित्व पनि थपिएको छ। पुँजीवादी र साम्यवादी कुनै पनि गुटमा नलाग्ने भनी गठन भएको असंलग्न राष्ट्रहरूको सङ्गठनको पनि अबको यात्रा र राष्ट्रिय स्वार्थ त्यसबाट पनि पूरा हुने छाँटकाँट छैन।

साम्यवादी र पुँजीवादी नै मिलेर हिँडेपछि ती दुवै कित्तामा नउभिने भनेर गठन भएको असंलग्न आन्दोलनको औचित्य समाप्त हुने नै भयो। जुन सङ्गठनमा नजिक हुँदा आफ्नो स्वार्थ पूरा हुन्छ त्यही बाटो हिँड्नुपर्ने पाठ शक्तिशालीले सिकाएका छन्। राष्ट्रसंघजस्तो बहुपक्षीय हित चाहने संस्था बलियो हुनुपर्छ भनिरहे पनि राष्ट्रिय स्वार्थले जता डोऱ्याउँछ त्यही बाटो हिँड्नुपर्ने हाम्रो पनि बाध्यता हुन्छ। अब क्षेत्रीय सङ्गठन, व्यापार र आर्थिक सहयोग बढी हुने संघसङ्गठनमा घुस्नुपर्ने अबको दायित्व हो। राष्ट्रिय स्वार्थको अवसर हेर्नुपऱ्यो।

सार्कबाट गुमेको अवसर बिमस्टेकका माध्यमबाट लिनुपऱ्यो। किनभने छिमेकी भारत र चीन सँगै रहेका साङ्घाई सहयोग सङ्गठन र ब्रिक्समा लाग्न नेपाललाई सजिलो छैन। हामी दुई ठूला महाशक्ति राष्ट्रका बीचमा छौं। दुवै छिमेकी रहेको ठाउँमा जानु हाम्रा लागि उपयुक्त विकल्प हुन सक्छ।

चीन र भारतसँग सँगसँगै हिँड्न सिक्नुपऱ्यो। ससाना विषयलाई लिएर छिमेकीसँग वादविवाद झिकेर आलोचना गर्ने होइन भारत र चीनलाई नचिड्याई अघि बढ्ने सहज बाटो रोज्नुपर्छ। नेपालजस्ता मुलुक अबको संसारमा एक्लै उभिन कठिन छ। क्षेत्रीय संस्थामा आबद्ध नभई जीविकोपार्जन गर्नसमेत कठिनाइ हुँदै गएको छ। हिजो हिँडिरहेको बाटो गन्तव्यमा नपुग्दै असान्दर्भिक भएपछि नयाँ बाटो खन्नुपर्छ। यो सजिलो काम भने होइन। कूटनीतिलाई नयाँ ढंगबाट हिँडाउन सकिएन भने अब धेरै पछि परिनेछ।

शक्तिशाली राष्ट्र द्विपक्षीय हितमा लाग्ने र सहयोग दिने संस्थाहरू तिनकै हितमा केन्द्रित हुने भएपछि नेपालजस्ता मुलुकको अवस्था निकै अप्ठ्यारो हुन सक्छ। अब हामीले आफ्नैभित्र दुस्मन देख्ने पुरानो शैली छाड्नुपर्छ। ससाना विवादमा आफैंभित्रका स्वार्थ बाझिएर फरक मत राख्नुपर्ने अवस्थाको अन्त्य हुनुपर्छ। शक्तिशालीहरू राष्ट्रिय स्वार्थमा जस्तो निर्णय गर्न पनि तयार रहेका बेला हामी अर्काको सहयोगमा बाँच्नुपर्नेहरू भित्रै अल्मलिनुपर्दा बाहिरी संसारमा के भइरहेको छ भन्नेबारे बेखबर हुनुपर्ने अवस्था आउन सक्छ। त्यसले हामीलाई निकै पछि पार्छ। अब देशभित्र हुने विरोध र आन्दोलनलाई सामूहिक प्रतिबद्धतासहित तिरस्कार नै गर्नुपर्छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वार्थ र स्वार्थी समूहको पछि लागेर होइन जे गर्दा राष्ट्रिय हित हुन्छ त्यही बाटोमा हिँड्नु उत्तम हुनेछ।

# पृथ्वीमा कति वटा उत्तरी ध्रुव छन्?

हामी सबैले उत्तरी ध्रुवबारे सुनेकै हुनुपर्छ। जमेको समुद्र, ध्रुवीय भालु, उत्तरी प्रकाश अनि मध्यरातको सूर्य त्यहाँका विशेषता हुन्।

तर के तपाईंलाई थाहा छ, उत्तरी ध्रुवको परिभाषा त्यति सजिलो छैन। अनि तिनीहरू एकभन्दा धेरै वटा छन्।

ब्रिटिश जलवायु वैज्ञानिक तथा अन्वेषक फेलिसिटी एस्टनका अनुसार "पृथ्वीमा कैयौं उत्तरी ध्रुव छन्।"



स्रोत : Historical Magnetic Declination Viewer, National Centers for Environmental Information (NCEI), NASA's Scientific Visualization Studio

"सबैको परिभाषाभित्र पर्ने दुई वटा उत्तरी ध्रुव छन्। ती चुम्बकीय उत्तरी ध्रुव र भौगोलिक उत्तरी ध्रुव हुन्," बीबीसीको पडकास्ट द इन्फनिट मङ्की केजसँग कुरा गर्दै उनले भनिन्।

***भौगोलिक उत्तरी ध्रुव***

एस्टनका अनुसार आममानिसहरूले उत्तरी ध्रुव भनेर बुझ्ने र कुरा गर्ने भनेको भौगोलिक उत्तरी ध्रुव हो।

पृथ्वीलाई अलिकति ढल्किएको गोलाकार वस्तुका रूपमा कल्पना गर्नुहोस्। यसको बीच भागबाट माथिदेखि तलसम्म एउटा डन्डी छिराएको कल्पना गर्दा जुन काल्पनिक रेखा बन्छ त्यसलाई पृथ्वीले परिक्रमा गर्ने अक्ष भनिन्छ।

यो काल्पनिक अक्षले पृथ्वीको उत्तरी सतहलाई जहाँ भेट्छ, त्यही बिन्दु भौगोलिक उत्तरी ध्रुव हो। यो आर्कटिक महासागरको पानी र बरफमाथि पर्छ। यही अक्षको ठीक अर्कोपट्टिको छेउमा दक्षिणी ध्रुव पर्छ। त्यो अन्टार्कटिकामा पर्छ।

भौगोलिक उत्तरी ध्रुव "हाम्रो ग्रहको ठीक ९० डिग्रीमाथि पर्छ," एस्टन भन्छिन्। यो बिन्दुमा देशान्तरका सबै रेखाहरू एक ठाउँमा जोडिन्छन्। यो बिन्दु चुम्बकीय उत्तरी ध्रुवजस्तो परिवर्तनशील हुँदैन।

***चुम्बकीय उत्तरी ध्रुव***

पृथ्वीलाई बाहिरी सतहमा हुने विद्युतीय प्रवाहबाट उत्पन्न हुन्ने चुम्बकीय क्षेत्रले घेरेको छ। यो क्षेत्रले सौर्य वायु र विकिरणबाट हामीलाई जोगाउन मद्दत गर्छ।

सामान्य चुम्बकमा जस्तै पृथ्वीमा पनि दुईवटा चुम्बकीय ध्रुव छन्, एउटा माथिल्लो भागमा र अर्को तल्लो भागमा।

पृथ्वी वरिपरिका चुम्बकीय क्षेत्रको स्वरूप पनि चुम्बकको एउटा डन्डी वरिपरि बन्नेजस्तै हुन्छ। चुम्बकीय रेखा चुम्बकीय क्षेत्रको दिशा र शक्ति देखाउन प्रयोग गरिने दृश्यात्मक माध्यम हो।

चुम्बकीय उत्तरी ध्रुव पृथ्वीको त्यो बिन्दु हो, जहाँ चुम्बकीय क्षेत्रले ठाडो रूपमा तलतिर सङ्केत गर्छ। यसलाई कम्पासको सहायताले मापन गर्न सकिन्छ। कम्पासले चुम्बकीय उत्तरतर्फ सङ्केत गर्छ।

तर पृथ्वीको बाहिरी सतहमा रहेको तरल धातु चलिरहने भएकाले पृथ्वीको चुम्बकीय क्षेत्र पनि सर्छ। यसको अर्थ समयसँगै चुम्बकीय उत्तरी ध्रुवको स्थान पनि बदलिरहन्छ।

"वर्षौंदेखि यो उत्तरी क्यानडाको क्वीन एलिजाबेथ टापुहरू लगायतका तैरिरहेको थियो," एस्टन भन्छिन्। "पछिल्ला १० वर्षमा यसको गति अझै बढेको छ।"

सन् २०१९सम्म यो प्रतिवर्ष ५० देखि ६० किलोमिटरष सरिरहेको युरोपेली अन्तरिक्ष निकायले जनाएको छ।

एस्टनका अनुसार अहिले चुम्बकीय उत्तरी ध्रुव क्यानडाभन्दा साइबेरियाको तटनजिक पुगेको छ।

कहिलेकाहीँ उत्तरी र दक्षिणी ध्रुवको स्थानसमेत साटफेर हुन सक्छ। यस घटनालाई भूचुम्बकीय ध्रुव उल्टिने प्रक्रिया भनिन्छ।

प्राचीन चुम्बकीय अभिलेखबाट हामीलाई थाहा हुन्छ कि पछिल्लो १६ करोड वर्षमा यस्तो सयौँ पटक भएको छ। सबैभन्दा पछिल्लो पटक करिब ७,८०,००० वर्षअघि यस्तो भएको थियो।

***अन्य उत्तरी ध्रुवहरू***

उत्तरी ध्रुव अन्य किसिमका व्याख्याहरू निकै कम मात्र थाहा छन्। तीमध्ये केही व्याख्याहरू चुम्बकीय वा भौगोलिक उत्तरी ध्रुवको तुलनामा केही विवादित पनि छन्।

त्यसमध्येको एक भूचुम्बकीय उत्तरी ध्रुव, चुम्बकीय उत्तरी ध्रुवभन्दा फरक छ।

चुम्बकीय उत्तरी ध्रुव पृथ्वीको वास्तविक चुम्बकीय क्षेत्रका आधारमा निर्धारण गरिन्छ। तर भूचुम्बकीय उत्तरी ध्रुव पृथ्वीको चुम्बकीय क्षेत्रको काल्पनिक र सरलीकृत नमुनाका आधारमा गणना गरिएको स्थान हो।

"यो एक प्रकारको सैद्धान्तिक उत्तरी ध्रुव हो अर्थात् पृथ्वी साँच्चिकै निश्चित प्रकारको चुम्बकको रडजस्तै भएको र त्यसको चुम्बकीय क्षेत्र सबैतिर पूर्ण रूपमा समान र एकरूप भएको अवस्थामा हुने उत्तरी ध्रुव हो," एस्टन भन्छिन्।



उनका अनुसार धेरै कम्प्युटर मोडलहरूमा भूचुम्बकीय उत्तरी ध्रुव प्रयोग गरिन्छ।

त्यसपछि आउँछ चिसो उत्तरी ध्रुव अनि दुर्गम वा पुग्नै नसकिने उत्तरी ध्रुव।

पहिलो पृथ्वीमा मानव बसोबास भएको सबैभन्दा चिसो ठाउँ हो। पूर्वोत्तर साइबेरियाको ओइम्याकन उत्तरी ध्रुवको सबैभन्दा चिसो बस्तीका रूपमा चिनिने गर्छ।

दुर्गम उत्तरी ध्रुव आर्क्टिक सागरमा पर्छ र पृथ्वीको जमिनबाट सबैभन्दा टाढा र सबै दिशाबाट पुग्न नसकिने स्थानमा पर्छ।

अर्को खगोलशास्त्रीहरूले प्रयोग गर्ने खगोलीय उत्तरी ध्रुव पनि छ।

यो उत्तरी आकाशको एउटा काल्पनिक बिन्दु हो, जहाँ पृथ्वीको परिक्रमण अक्ष सीधा अन्तरिक्षतर्फ सोझिएको हुन्छ। यो आकाशमा भौगोलिक उत्तरी ध्रुवको ठीक माथि र ध्रुवतारा 'पोलारिस'को निकै नजिक पर्छ।



स्रोत : Royal Museums Greenwich, Commonwealth Scientific and Industrial Research Organisation (CSIRO), National Centers for Environmental Information (NCEI), NASA's Scientific Visualization Studio

"यदि आकाश एउटा पृथ्वीलाई वरिपरिबाट घेरेको एउटा गोलो क्षेत्रका रूपमा कल्पना गर्ने हो भने, त्यस्तो खगोलीय गोलाको उत्तरी ध्रुवलाई पृथ्वीको सतहसम्म प्रक्षेपण गर्दा केही मानिसले त्यसलाई पृथ्वीको सतहमा रहेको अर्को उत्तरी ध्रुव पनि भन्छन्," एस्टन भन्छिन्।

***उत्तरी ध्रुव पत्ता लगाउने तरिका***

उत्तरी ध्रुव कैयौँ किसिमका भए पनि सैद्धान्तिक रूपमा ती कहाँ छन् भन्ने ठम्याउन धेरै कठिन चाहिँ छैन। तर तपाइँ साँच्चिकै उत्तरी ध्रुव पुगेर तीमध्ये केही ठ्याक्कै कहाँ छन् भनेर पत्ता लगाउनु चाहिँ निकै मुस्किल पर्न सक्छ।

"पछिल्लो पटक म स्की गर्न भौगोलिके उत्तरी ध्रुव जाँदा हेलिकप्टरले मलाई आर्क्टिक महासागरको जमेको सतहमा, करिब ८० किलोमिटर टाढा छोडिदियो... त्यसपछि मैले आफैँ बाटो पत्ता लगाउनुपर्‍यो," एस्टन सुनाउँछिन्। "चारै दिशा ठ्याक्कै उस्तै देखिन्छ।"

"त्यस्तो अवस्थामा भए के गर्ने? तपाइँ कम्पास प्रयोग गर्नुहुन्छ?" उनको प्रश्न छ।

तर कम्पासको पनि एउटा समस्या छ। यसले भौगोलिक उत्तरी ध्रुव नभई चुम्बकीय उत्तरी ध्रुवतर्फ देखाउँछ।

तर उपाय छ। यस्तो अवस्थामा आफू जाने ठाउँ पत्ता लगाउन 'डिक्लिनेसन' भनिने कोण प्रयोग गर्न सकिन्छ। यो भौगोलिक उत्तर र कम्पासको सुईले देखाउने दिशाबीचको कोण हो। तर एस्टनका अनुसार, डिक्लिनेसन "तपाईं कहाँ हुनुहुन्छ भन्ने आधारमा परिवर्तन हुन्छ।"

"अनि तपाईं उभिनु भएको बरफ पनि अनियमित रूपमा चलिरहेको बेला यो सबै गर्न खोजिरहनुभएको हुन्छ। त्यो बरफ सधैँ एउटै गतिमा वा एउटै दिशामा चलिरहेको पनि हुँदैन," उनी थप्छिन्। यस्तो अवस्थामा अर्को विकल्प जीपीएस हो।

तर यो प्रणाली पनि प्रायः ब्याट्रीबाट चल्छ। चिसो तापक्रममा ब्याट्री निकै छिटो सकिने भएकाले यसमा सधैँ भर पर्न सकिँदैन।

अर्कोतर्फ 'सेक्स्ट्यान्ट'जस्ता पुराना दिशा देखाउने उपकरण पनि सूर्यमा निर्भर हुन्छन्। तर आकाश बाक्लो बादलले ढाकिएको बेला तिनको प्रयोग गर्न गाह्रो हुने एस्टन बताउँछिन्।

"उत्तरी ध्रुवतर्फ जाने बाटो पत्ता लगाउने अनेक विधि छन् तर तीनका पनि आ-आफ्नै कमजोरी छन्। त्यसैले अन्ततः ती सबै विधिलाई अलिअलि मिसाएर प्रयोग गर्नुपर्ने हुन्छ," उनी भन्छिन्।

"यो अलिअलि अनुमानको खेल पनि हो।"

इन्फनिट मङ्की केजको एक संस्करणबाट। डेजी स्टेफन्सबाट थप रिपोर्टिङ। साभार: बीबीसी/नेपाली


विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# मानव अधिकार रक्षक सञ्जाल विस्तारमा जोड

## महिला, दलित, सीमान्तकृत समुदाय र युवाको सहभागिता बढाउनुपर्नेमा सरोकारवालाको जोड




दैनिक समाचारदाता
जनकपुरधाम, २९ असोज । मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनलाई प्रभावकारी बनाउन प्रदेशदेखि जिल्लास्तरसम्म मानव अधिकार रक्षक सञ्जाल विस्तार गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् ।

मानव अधिकार रक्षक सञ्जालको प्रदेशस्तरीय त्रैमासिक बैठकमा सहभागी वक्ताहरूले मानव अधिकार उल्लङ्घनका घटनाको पहिचान, पीडितलाई न्यायमा पहुँच तथा राज्यका निकायलाई जवाफदेही बनाउन मानव अधिकारकर्मीहरूबीच एकता, समन्वय र सहकार्य आवश्यक रहेको बताएका हुन् ।

सञ्जालका संयोजक राजकुमार महासेठको अध्यक्षतामा जनकपुरधाममा सम्पन्न बैठकमा राष्ट्रिय मानव अधिकार आयोग, मधेस प्रदेश कार्यालयका प्रमुख बुद्धनारायण सहनीले मानव अधिकार संरक्षणका लागि रक्षकहरूको भूमिका महत्त्वपूर्ण रहेको बताए । उनले पीडितको पक्षमा निष्पक्ष पैरवी, घटनाको तथ्यमा आधारित अभिलेखीकरण तथा कानुनी प्रक्रियामा सहजीकरण गर्नुपर्ने उल्लेख गर्दै सञ्जाललाई व्यवस्थित बनाउन स्पष्ट कार्ययोजना र कार्यविधि आवश्यक रहेको बताए ।

सहनीले मानव अधिकार रक्षकहरूले पीडितको गोपनीयता र सुरक्षालाई प्राथमिकता दिँदै सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेमा जोड दिए । व्यक्तिगत तथा संस्थागत रूपमा भइरहेका प्रयासलाई एकीकृत गरी संयुक्त पहल अघि बढाउन सके मानव अधिकार उल्लङ्घनका घटनाको सम्बोधन प्रभावकारी हुने उनको भनाइ थियो ।

महिला मानव अधिकारकर्मी तथा अधिवक्ता रेखा झाले महिला, बालबालिका, दलित र सामाजिक रूपमा पछाडि पारिएका समुदायमाथि हुने हिंसा, विभेद तथा अन्यायविरुद्ध सञ्जालले विशेष ध्यान दिनुपर्ने बताइन् । पीडितलाई कानुनी सहायता, आवश्यक परामर्श र न्यायमा पहुँच उपलब्ध गराउन प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गर्दै उनले महिला मानव अधिकारकर्मीको सहभागिता र नेतृत्व बढाउनुपर्नेमा जोड दिइन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), मधेस प्रदेश कार्यालयका संयोजक राजु पासवानले सञ्जाललाई सक्रिय र परिणाममुखी बनाउन सदस्यहरूको जिम्मेवारी स्पष्ट पार्नुपर्ने बताए । नियमित बैठक, सूचना आदानप्रदान, क्षमता विकास तथा मानव अधिकार रक्षकको सुरक्षालाई प्राथमिकतामा राख्दै जिल्लास्तरसम्म संरचना विस्तार गर्नुपर्ने उनको सुझाव थियो ।

ओरेक नेपालकी मधेस प्रदेश संयोजक विना सिंहले लैङ्गिक हिंसा तथा विभेदका घटनाको न्यूनीकरण र पीडितको न्यायमा पहुँच सुनिश्चित गर्न महिला मानव अधिकारकर्मीको नेतृत्व अभिवृद्धि गर्नुपर्ने बताइन् ।

सञ्जालका सदस्य बलराम शाहले युवाको ऊर्जा, सिर्जनशीलता र सक्रियतालाई मानव अधिकार अभियानसँग जोड्नुपर्ने बताए । युवालाई आवश्यक ज्ञान, सीप र व्यावहारिक अनुभव प्रदान गरी सञ्जालका गतिविधिमा अर्थपूर्ण सहभागिता गराउन सके अभियान थप प्रभावकारी हुने उनको भनाइ थियो ।

आफन्त नेपालकी धनुषा जिल्ला संयोजक अमृता घिमिरेले सामाजिक सङ्घसंस्था र मानव अधिकारकर्मीबीच सहकार्य बढाउँदै समुदायस्तरमा सचेतना विस्तार गर्नुपर्ने बताइन् । महिला, बालबालिका तथा सीमान्तकृत समुदायमाथि हुने हिंसा, शोषण र विभेदका घटनाको पहिचान तथा सम्बोधनका लागि स्थानीयस्तरमै सञ्जालको पहुँच बढाउनुपर्ने उनले उल्लेख गरिन् ।

इन्सेकका पर्सा जिल्ला प्रतिनिधि तुलसी भण्डारीले जिल्लामा सञ्जाल गठन नहुँदा मानव अधिकारसम्बन्धी गतिविधि सञ्चालन गर्न कठिनाइ भइरहेको बताए । उनले चाडपर्वलगत्तै सञ्जाल गठन गर्ने तयारी रहेको जानकारी दिँदै मानव अधिकारकर्मीलाई सहकार्यका लागि आग्रह गरे ।

मानव अधिकारकर्मी विनोद महाराले सांस्कृतिक परम्पराका क्रममा महिलाको मर्यादा, सहमति र सुरक्षाको सम्मान गर्नुपर्ने बताए । विशेषगरी झिझिया नृत्यका क्रममा महिलामाथि हुन सक्ने विभेद तथा दुर्व्यवहारप्रति सचेत रहनुपर्ने उनको भनाइ थियो ।

इन्सेककी रौतहट जिल्ला प्रतिनिधि गौरी न्यौपानेले महिलाका समस्या सम्बोधन गर्न राष्ट्रिय महिला आयोगजस्तै पुरुषका समस्या सम्बोधन गर्ने छुट्टै निकाय वा आयोगको आवश्यकता औँल्याइन् । एम्नेस्टी इन्टरनेसनल नेपाल, धनुषाका संयोजक मनिष झाले मानव अधिकार संरक्षणको अभियान निरन्तर चलिरहने उल्लेख गर्दै आगामी दिनमा पनि सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । बैठकमा मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन, अभिलेखीकरण, सञ्जालको संस्थागत विकास, मानव अधिकार रक्षकको क्षमता अभिवृद्धि तथा पीडितलाई न्यायमा पहुँच सुनिश्चित गर्ने विषयमा छलफल भएको थियो ।

कार्यक्रममा सहभागी मानव अधिकारकर्मी, सञ्जालका सदस्य तथा सञ्चारकर्मीबीच नेपालीहरूको महान् चाड बडादशैं, दीपावली र छठ पर्व २०८३ को अवसरमा शुभकामना आदानप्रदानसमेत गरिएको थियो ।

# जनताको जीवनस्तर उकास्नु प्राथमिकता : ओली

## उत्पादन वृद्धि, रोजगारी सिर्जना र दिगो आम्दानीका आधार निर्माणमा जोड



दैनिक समाचारदाता
काठमाडौं २९ असोज । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले गरिबी न्यूनीकरण गर्दै नागरिकको जीवनस्तर उकास्न उत्पादन वृद्धि, रोजगारी सिर्जना र दिगो आम्दानीका अवसर विस्तार गर्नुपर्ने बताएका छन् ।

बिहीबार पार्टीको केन्द्रीय कार्यालय च्यासलमा एमालेको नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठानको वेबसाइट सार्वजनिक गर्दै ओलीले विपन्नतालाई समृद्धिमा रूपान्तरण गर्नु मुलुकको प्रमुख दायित्व भएको बताए ।

उनले जातीय पहिचानका आधारमा मात्र नभई नागरिकको आर्थिक अवस्था सुधार गर्ने, उत्पादन बढाउने र परिवारका आधारभूत आवश्यकता पूरा गर्न सक्ने रोजगारीका अवसर सिर्जना गर्ने नीतिमा जोड दिनुपर्ने उल्लेख गरे ।

"हाम्रो मुख्य उद्देश्य जनताको जीवनस्तर माथि उठाउनु, गरिबी हटाउनु र विपन्नतालाई समृद्धिमा रूपान्तरण गर्नु हो," उनले भने ।

ओलीका अनुसार गरिबीबाट दिगो समृद्धितर्फ अघि बढ्न नीतिगत स्पष्टता र उत्पादनमुखी रोजगारी आवश्यक छ । राजनीतिक तथा नीतिगत बहसलाई नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने दिशामा केन्द्रित गर्नुपर्ने उनको भनाइ थियो ।

उनले रोजगारीको वास्तविक मूल्य त्यसमा बिताइएको समयले नभई त्यसबाट प्राप्त हुने पर्याप्त आम्दानीले निर्धारण गर्ने बताए । प्रत्येक नागरिकले खान, लाउन, बस्न तथा शिक्षा र स्वास्थ्यजस्ता आधारभूत आवश्यकता पूरा गर्न सक्ने अवस्था निर्माण गर्नुपर्नेमा उनले जोड दिए ।

जात, वर्ग वा समुदायका आधारमा विभेद नगरी सबै नागरिकको आर्थिक तथा सामाजिक अवस्था सुधार गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्ने ओलीले बताए । न्युज एजेन्सी नेपाल

# ४ दिनमा प्रतितोला ८ हजार १ सय रुपैयाँ घट्यो सुन



दैनिक समाचारदाता
काठमाडौं, २९ असोज । विगत ४ दिनमा सुनको मूल्य तोलामा ८ हजार १ सय रुपैयाँ घटेको छ ।

आइतबार प्रतितोला २ लाख ९६ हजार ५ सय रुपैयाँमा कारोबार भएको सुन बिहीबार २ लाख ८८ हजार ४ सय रुपैयाँमा झरेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ ।अघिल्लो दिनको तुलनामा आज सुनको मूल्य १ हजार १ सय रुपैयाँ घटेको हो । अघिल्लो दिन २ लाख ८९ हजार ५ सय रुपैयाँमा सुनको कारोबार भएको थियो ।

त्यस्तै चाँदी आज तोलामा २२० रुपैयाँ घटेको छ । अघिल्लो दिन प्रतितोला ४ हजार २५५ रुपैयाँ रहेको चाँदी आज ४ हजार ३५ रुपैयाँ कायम भएको छ । आइतबार चाँदी ४ हजार ४४० रुपैयाँमा कारोबार भएको थियो ।

# खगेन्द्र सुनारले बुझाए अनुशासन आयोगलाई जवाफ

## अडियो संकलन गरी छानबिन सुरु, मूल अडियो र प्राविधिक परीक्षणका लागि सञ्चारमाध्यमसँग सहयोग मागिने

दैनिक समाचारदाता
काठमाडौं, २९ असोज । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले पार्टीको अनुशासन आयोगलाई लिखित जवाफ बुझाएका छन् । एक महिलासँगको फोन संवादमा बोलेका भनिएका विषयबारे सुनारले लिखित प्रतिक्रिया बुझाएको आयोगका उपप्रमुख एवं अधिवक्ता हरिचन्द्र भट्टराईले जानकारी दिनुभयो ।

सुनारले बुझाएको जवाफको विवरणबारे भने भट्टराईले खुलाउन चाहनुभएन । उहाँका अनुसार लिखित प्रतिक्रिया लिनु अनुसन्धानको पहिलो चरण हो । जवाफबाट आयोग सन्तुष्ट नभएमा वा थप प्रमाण आवश्यक देखिएमा अनुसन्धानलाई अर्को चरणमा अघि बढाइनेछ ।

यस विषयमा छानबिन गर्न आयोगले उपप्रमुख भट्टराईको नेतृत्वमा छ सदस्यीय समिति गठन गरेको छ । समितिलाई आवश्यक अनुसन्धान गरी रायसहितको प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ । यद्यपि, समितिको कार्यावधि तोकिएको छैन ।

छानबिन समितिको पहिलो बैठकले सुनारसँग सम्बन्धित भनिएका अडियो संकलन गरेको छ । अडियो प्रकाशित गर्ने सञ्चारमाध्यमलाई विषयसँग सम्बन्धित थप सामग्री उपलब्ध गराउन पत्राचार गर्ने निर्णय पनि गरिएको भट्टराईले बताउनुभयो ।

उक्त अडियो सबैभन्दा पहिले जनआस्था साप्ताहिकको अनलाइन संस्करणमा प्रकाशित भएको थियो । त्यसैगरी, पीडित भनिएकी महिलासम्बन्धी न्युज २४ टेलिभिजनमा प्रसारित सामग्रीलगायत अन्य प्रमाण उपलब्ध गराउन पनि सम्बन्धित सञ्चारमाध्यमसँग आग्रह गरिने समितिले जनाएको छ ।

समितिले प्रकाशित अडियोको सम्पादन नगरिएको मूल प्रति उपलब्ध गराउन सञ्चारमाध्यमलाई पत्राचार गर्ने भएको छ । अडियोको प्रामाणिकता तथा अन्य प्राविधिक विषयमा आवश्यकताअनुसार विशेषज्ञको रायसमेत लिइने भट्टराईले जानकारी दिनुभयो । विशेषज्ञको राय कानुनको अधीनमा रहेर लिइने उहाँको भनाइ छ ।



सुनारमाथि लागेको आरोपबारे छिटो, निष्पक्ष, यथार्थपरक र विश्वसनीय अनुसन्धान गर्ने समितिले जनाएको छ । राज्यका निकायबाट भइरहेको अनुसन्धानमा बाधा नपुग्ने गरी काम गरिरहेको पनि समितिले स्पष्ट पारेको छ ।

यद्यपि, दसैंअघि नै छानबिन प्रतिवेदन सार्वजनिक गर्न कठिन हुने समितिको भनाइ छ । मूल अडियो प्राप्त हुने समय र अनुसन्धानका क्रममा देखिने आवश्यकताका आधारमा थप प्रक्रिया अघि बढाइने भट्टराईले बताउनुभयो ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

अब उत्कृष्ट भविष्यको रोजाई

MIT Campus, Janakpurdham
- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता
"आजको सही निर्णय, भोलिको सफल भविष्य"
किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा
Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np
विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४